आज मिति २०८२ साल बैशाख १० गते दिनको ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को बाह्रौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | मधुसुदन गैरे | लेखा अधिकृत | |
| २ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | भिषण घर्ती | सहयोगी | |

मणिराम वुढाथोकी
अध्यक्ष

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. गाउँसभा आह्वान गर्ने सम्बन्धमा ।
३. प्रदेश समपुरक तथा विशेष अनुदान योजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।
४. जलश्रोत मुहान दर्ता सम्बन्धमा ।
५. विविध छलफल सम्बन्धमा ।

## २०८२ बैशाख १० गते बसेको बाह्रौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समीक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो । कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २. | गाउँसभा आह्वान गर्ने सम्बन्धमा । | सुनिलस्मृति गाउँपालिका गाउँ सभाको १८ (अठारौं) अधिवेशन आह्वान गर्न आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिका गाउँ सभाको १८ (अठारौं) अधिवेशन मिति २०८२ जेठ २६ गते आह्वान गर्ने । तथा सभामा खटिने कर्मचारीहरुलाई प्रोत्साहत भत्ता उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | प्रदेश समपूरक र विशेष अनुदानको प्रस्ताव पेश गर्ने सम्बन्धमा । | प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्न आवश्यक रहेको । | लुम्बीनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८१/१२/२९ गतेको प्रदेश विशेष अनुदानतर्फका योजना/कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धीको सूचना र आर्थिक मामिला तथा योजना मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपालको मिति २०८१/१२/२९ गतेको आ.व. २०८२/०८३ का लागि प्रदेश समपूरक अनुदानका आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना बमोजिम प्रदेश समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन गरिने तपसिल बमोजिमका आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने ।<br>__तपसिल__<br>१) समपुरक आयोजना तर्फ :-<br>क) मा.वि. भवन निर्माण योजना वडा नं. ५ ।<br>ख) सेलमसर देखि वडा कार्यालयसम्मको मोटरबाटो स्तरोन्ती वडा नं. ३<br>२) विशेष अनुदान तर्फ :-<br>क) बाउबाङ लिफ्ट सिचाई योजना ।<br>ख) खानेपानी निर्माण योजना वडा नं. ८ | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | जलश्रोत मुहान दर्ता सम्बन्धमा । | रित पूर्वक पेश हुन आएका जलश्रोत उपभोक्ता समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउन आवश्यक रहेको । | सुनिलस्मृति गाउँपालिकाको मिति २०८१/१२/२६ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ देहाय बमोजिमको समितिहरुलाई जलश्रोत उपभोक्ता समितिहरुलाई प्रमाण-पत्र उपलब्ध गराउने ।<br>देहाय :-<br>१) रोकाडेरा बाहुनटोल खानेपानी उपभोक्ता तथा सरसफाई समिति सुनिलस्मृति गाउँपालिका वडा नं.५ रोल्पा ।<br>२) गुलिचौर बजार खानेपानी उपभोक्ता तथा सरसफाई समिति सुनिलस्मृति गाउँपालिका वडा नं.४ रोल्पा । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

[illegible] शिवराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । | | |
| | | क) भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धमा । | क) भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रलाय सिंहदरबार काठमाण्डौंको च.नं. ४४२, मिति २०८१/१२/११ को पत्र र भूउपयोग ऐन, २०७६ को दफा ४ र भू-उपयोग नियमावली २०७९ को नियम ५ को उपनियम ७ अनुसार यस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरणको कार्य, परामर्श खरिद प्रक्रिया मार्फत बढाउने र यसका लागि रु. १५,००,०००।- (अक्षरेपि पन्ध्र लाख)को श्रोत सुनिश्चतता गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ख) खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजनालाई पारित गर्ने सम्बन्धमा । | ख) लुम्बिनी प्रदेश सरकार, शहरी विकास तथा खानेपानी मन्त्रालय दाङको प्राविधिक सहयोगमा तयार भएको यस गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी योजना २०२५-२०३५ हाललाई पारित गर्ने र यस पालिकाको आवश्यकता अनुसार परिमार्जन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ग) क्षमता विकास तालिम सञ्चालन सम्बन्धमा । | ग) यस पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम मिति २०८२/०१/२५ र २६ गते सञ्चालन गर्ने र त्यसका लागि आवश्यक व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | घ) फार्मेसी सञ्चालनका लागि सिडमनि उपलब्ध गराउने सम्बन्धमा । | घ) यस गाउँपालिका, लुङ्ग्री गाउँपालिका र सुनछहरी गाउँपालिकाको संयुक्त साझेदारीमा सञ्चालन हुन गइरहेको सहुलियत फार्मेसी सञ्चालनका लागि त्रिगाउँपालिका स्तरीय फार्मेसी सञ्चालन समितिको निर्णयलाई अनुमोदन गर्दै ५,००,००।-(अक्षरेपी पाँच लाख मात्र) सिडमनिको रुपमा उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| | | ङ) विद्यालय भवन निर्माण अनुमति सम्बन्धमा । | ङ) यस गाउँपालिकाको वडा नं. ८, स्थित श्री लिस्नी आधारभूत विद्यालयले नयाँ भवन निर्माणको लागि आफूले वि.सं. २०४५ सालदेखि भोगचलन गर्दै आएको आफ्नो सेवा क्षेत्रभित्र पर्ने जग्गामा नयाँ भवन निर्माणको प्रक्रिया अगाडी बढाइदिन उक्त विद्यालय र ८ नं. वडा कार्यालयबाट सिफारिस भई आएकोले उक्त जग्गामा विद्यलायको नयाँ भवन निर्माणको लागि अनुमति प्रदान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बुढाथोकी
अध्यक्ष